# नेपाल सरकार
# युवा तथा खेलकुदमन्त्रालय
# सिंहदरबार, काठमाण्डौ ।

## वर्तमान सरकार गठन भएको १०० दिनमा सम्पादन गरिने प्रमुख कार्यक्रमहरूको सार्वजनिकीकरण

### १. पृष्ठभूमि

राज्यको प्रमुख शक्तिको रूपमा रहेका युवाको चौतर्फी विकास गरी राष्ट्र निर्माणमा सहभागी गराउने र खेल क्षेत्रको विकास गर्दै राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा त्यसमा सहभागिता बढाई स्वस्थ्य र तन्दुरुस्त नागरिक तयार पार्ने उद्देश्य सहित युवा तथा खेलकुद मन्त्रालयले आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ। युवाको आवश्यकता पहिचान गरी उनीहरुमा विभिन्न किसिमका सीप तथा क्षमता विकास गर्दै स्वरोजगार र उद्यमशील वनाउनु तथा बैदेशिक रोजगारीका नाममा विदेशिई रहेका लाखौं युवालाई देशमा नै रोजगारीको अवसर सिर्जना गरी गरिवी न्युनीकरण गर्दै देशलाई समृद्ध र सक्षम बनाउनु पर्ने आवश्यकता टड्कारो देखिएको छ । त्यसैगरी खेलकुद क्षेत्रको विकासका लागि खेलकुद पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नति, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताहरुको आयोजना तथा तिनमा सहभागिता मार्फत् नेपाललाई खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र खेलकुदलाई राष्ट्रिय एकताको माध्यमका रूपमा विकास गर्न सकेमा मात्र वर्तमान संविधानले लिएको अभिष्ट पुरा गर्न सहयोग पुग्ने देखिन्छ ।

### २. वर्तमान अवस्था

वि.सं २०७२ मा संविधानसभाबाट जारी नेपालको संविधानले युवा तथा खेलकुदको क्षेत्रलाई उच्च महत्व दिएको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा युवाहरूको योगदान बढाउने नीति संविधानले लिएको छ । त्यसैगरी स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने नीति समेत संविधानले लिएको छ ।यिनै नीतिलाई व्यवहारमा उतार्दै सन् २०३० भित्र दिगो विकासका लक्ष्यहरू प्राप्ति गर्ने दिशामा खेलकुद तथा युवा विकासको क्षेत्रमा विविध कार्यक्रमहरू संचालनमा ल्याईएका छन् ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कूल जनसंख्याको ४०.३ प्रतिशत जनसंख्या युवाको रहेको छ ।उक्त प्रतिशतले नेपाल अहिले जनसाँख्यिक लाभको अवस्थामा रहेको छ।राष्ट्रनिर्माणको एक प्रमुख श्रोतको रूपमा रहेका युवाको चौतर्फी विकास गरी राष्ट्र निर्माणमा उनीहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न सहयोग पुर्याउने अभिप्रायले राष्ट्रिय युवा नीति ,२०७२ जारी भई हाल कार्यान्वयनमा आइसकेको छ । युवासंग सम्वन्धित क्रियाकलापहरु सञ्चालन गर्नका लागि राष्ट्रिय युवा परिषद, २०७२ सालमा गठन भई सवै जिल्लाहरुमा जिल्ला युवा समितिको कार्यालय स्थापित गरी उक्त कार्यालयहरूबाट युवासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयनको क्रममा रहेका छन् ।

युवामा सकारात्मक सोचको विकास गर्दै उनीहरुको क्षमता अभिवृद्धि गरी स्वरोजगारका साथै उद्यमशील वनाउने अभिप्रायले युथ भिजन–२०२५ तर्जुमा भई कार्यान्वयनमा आएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि तयार पारिएको कार्ययोजनाको मस्यौदामा सरोकारवाला निकायहरुको राय ,सुझाव संकलन गरी कार्ययोजना तर्जुमा कार्य अन्तिम चरणमा रहेको छ ।युवाको समग्र विकासका लागि सीप विकाससम्वन्धी तालिम, ग्रामीण युवा उद्यम ,युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम र राष्ट्रिय युवा प्रतिभा सम्मान जस्ता कार्यक्रमहरु सञ्चालनको क्रममा छ ।

संघीयता अनुकूल मन्त्रालयको पूनसंरचनाको क्रममा युवा तथा साना व्यवसायी स्वरोजगार कोष र राष्ट्रिय विकास स्वयंसेवक सेवा (NDVS) का कार्यक्रमहरू पनि युवा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्रभित्र पारिएको छ ।

राष्ट्रको नीति र विधि अनुसार खेलकुदको विकास र विस्तार गर्ने कार्यका लागि खेलकुद विकास ऐन , २०४८ लाई संघीय संरचना अनुरूप समय सापेक्ष संशोधन गर्ने कार्य अगाडि बढाइएको छ । **सबैका लागि खेलकुद ,स्वास्थ्यका लागि खेलकुद र राष्ट्रका लागि खेलकुद** भन्ने अवधारणालाई साकार पार्नका लागि स्थानीयस्तरमा समेत खेलकुदका गतिविधिहरु सञ्चालन हुने गरी राष्ट्रिय खेलकुदपरिषदको संगठन संरचना संघीय ढाँचा अनुकूल निर्माणको क्रममा रहेको छ ।

खेलकुदका गतिविधिहरु सञ्चालन गर्नका लागि खेलकुदका भौतिक पूर्वाधारहरुको निर्माण, मर्मत सुधार तथा स्तरोन्नति कार्यलाई प्राथमिकतामा राखिएको छ । प्रत्येक खेलका छुट्टा छुट्टै एकेडेमी स्थापना गरी नयाँ प्रतिभावान खेलाडीहरु उत्पादन तथा तिनीहरुलाई नियमित रुपमा विशेष प्रशिक्षण दिने र खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको सञ्चालनका साथै तिनमा हुने सहभागितालाई नतिजामुखी वनाउन सम्वन्धित निकायहरु क्रियाशील रहेका छन् ।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी तथा प्रशिक्षकहरुलाई नगद पुरस्कार प्रदान गर्ने ,ओलम्पिक र एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने र दक्षिण एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण

पदक प्राप्त गर्ने खेलाडीहरुलाई मासिक भत्ता प्रदान गरी खेल प्रति उत्प्रेरित गर्नका लागि खेलाडी प्रोत्साहन गर्ने गरिएको छ ।

**३. दुरगामी सोच**

युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिको रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य मान्यताहरू बोध गराउने गरी मन्त्रालयले कार्यदिशा तय गर्नुपर्ने छ ।युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न, समाजप्रति जवाफदेही र उत्तरदायित्व बहन गर्ने बनाउन र लोकतान्त्रिक प्रणालीप्रति प्रतिवद्ध बनाउने खालका विशेष कार्यक्रमहरू संचालन गर्ने दिशातर्फ मन्त्रालय अघि बढेको छ ।त्यसैगरी युवामा नैतिकता, चारीत्रिक गुण तथा अनुशासन विकास गर्न चेतनामूलक कार्यक्रमहरू संचालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमको सम्मान गर्ने खालका युवा विकास गर्ने, संरचनागत विभेद हटाउँदै सक्षम, प्रतिस्पर्धी र व्यवसायिक युवा संशाधनको विकास गर्ने उद्देश्यले 'युथ भिजन २०२५' तयार गरिएको छ ।राष्ट्रिय युवा परिषद, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय विकास स्वयंसेवक सेवा र नेपाल स्काउट मार्फत् युवालाई राष्ट्रनिर्माणको बृहत्तर कार्यमा परिचालन गर्ने मध्यमकालीन र दीर्घकालीन एकीकृत सोच एवं रणनीति तर्जुमा गर्नेतर्फ पहल शुरू भएको छ ।

**४. सय दिनको कार्ययोजना**

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूको नेतृत्वमा वर्तमान सरकार गठन भए पश्चात् यस मन्त्रालयलको कार्यक्षेत्रसँग सम्बन्धित महत्वपूर्ण कार्यक्रमहरू समेटेर तपशील बमोजिमका कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन अघि बढाइएको छ ।